# विद्युतीय माध्यमबाट यातायात क्षेत्रको सेवा प्रवाह तथा राजस्व भुक्तानी नियमावली, २०७८

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# विद्युतीय माध्यमबाट यातायात क्षेत्रको सेवा प्रवाह तथा राजस्व भुक्तानी नियमावली, २०७८

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>

२०७८।०१।२३

बागमती प्रदेशभित्रका यातायात कार्यालयबाट सेवाग्राहीले आफ्नो सवारी साधन तथा सवारी चालक अनुमतिपत्रसँग सम्बन्धित विभिन्न शीर्षक अन्तर्गतका राजस्व यातायात कार्यालयमै गई तिर्नु बुझाउनु पर्ने अवस्थालाई व्यवस्थित तुल्याउन वाञ्छनीय भएकाले विद्युतीय माध्यमबाट नै राजस्वको भुक्तानी स्वीकार गरी सेवा प्रवाहलाई छिटो छरितो, प्रविधिमैत्री र प्रभावकारी बनाउन आवश्यक भएकोले प्रदेश सवारी तथा यातायात व्यस्था ऐन, २०७५ को दफा २२१ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "विद्युतीय माध्यमबाट यातायात क्षेत्रको सेवा प्रवाह तथा राजस्व भुक्तानी नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) "बीमक" भन्नाले बीमा ऐन बमोजिम दर्ता भएको सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले पुनर्बिमकलाई समेत जनाउँछ।

(ग) "बीमालेख" भन्नाले यस नियमावली अन्तर्गत सूचना प्रणालीमा आबद्ध भएका बीमकहरुले जारी गर्ने बीमालेखलाई सम्झनु पर्छ।

(घ) "भुक्तानी सेवा प्रदायक (पेमेन्ट सर्भिस प्रोभाईडर-पिएसपि)" भन्नाले विद्युतीय माध्यमबाट भुक्तानी सम्बन्धी कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त संस्थालाई सम्झनु पर्छ।

(ङ) "भुक्तानी सेवा सञ्चालक (पेमेन्ट सर्भिस अपरेटर-पिएसओ)" भन्नाले भुक्तानी सम्बन्धी कार्यको सञ्चालन, नियन्त्रण, क्लियरिङ गर्ने उद्देश्यले स्थापना भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त संस्थालाई सम्झनु पर्छ।

(च) "भेटघाट व्यवस्थापन प्रणाली" भन्नाले सेवाग्राहीले आफूले प्राप्त गर्न चाहेको सेवा आफ्नो अनुकूल समयमा सम्बन्धित कार्यालयमा उपलब्ध समयभित्र विद्युतीय प्रणाली मार्फत टोकन लिई सेवा लिने गरी मन्त्रालयले तयार गरेको प्रणालीलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ज) "यातायात कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था कार्यालय सवारी

आन्तरिक मामिला तथा कानून मन्त्रालय

चालक अनुमतिपत्र, यातायात व्यवस्था सेवा कार्यालय सम्झनु पर्छ र सो शब्दले  प्रदेश सवारी तथा यातायात व्यवस्थापन गर्ने अन्य कार्यालय समेतलाई जनाउँछ।

(झ) "राजस्व" भन्नाले बागमती प्रदेश सरकारले जारी गरेको आर्थिक ऐन कानून बमोजिम लाग्ने सवारी साधन कर, सवारी चालक अनुमतिपत्र दस्तुर, बाटो इजाजत पत्र दस्तुर, आवेदन शुल्क, नवीकरण शुल्क, जरिबाना, परीक्षा शुल्क, बेरुजु लगायत अन्य दस्तुर तथा शुल्क एवं प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ र सो अन्तर्गतका नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड बमोजिम लाग्ने कुनै प्रकारको शुल्क वा जरिबानालाई सम्झनु पर्छ।

(ञ) "विद्युतीय कारोबार सङ्केत नम्बर (ईबीपी)" भन्नाले राजस्व व्यवस्थापन सूचना प्रणाली (आरएमआईएस) बाट सिर्जित विद्युतीय कारोबार सङ्केत नम्बरलाई सम्झनु पर्छ।

(ट) "विद्युतीय सवारी दर्ता प्रणाली" भन्नाले मन्त्रालयबाट विकास गरिएको बागमती प्रदेशमा सञ्चालन हुने सवारी साधन सम्बन्धी सेवा प्रवाहलाई विद्युतीय माध्यमबाट सञ्चालन गर्ने सफ्टवेयर प्रणालीलाई सम्झनु पर्छ र सो शब्दले यातायात व्यवस्था विभागबाट सञ्चालित केन्द्रीय प्रणालीसँग तथ्याङ्क सेयरिङ गर्न सक्ने प्रणालीलाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ठ) "सूचना प्रणाली" भन्नाले सवारी साधन र सो को आवागमन सम्बन्धी सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्न मन्त्रालयले तयार गर्ने यातायात व्यवस्थापन सूचना प्रणाली (ट्रान्सपोर्ट म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (टि.एम.आई.एस.) लाई सम्झनु पर्छ र यस प्रणालीले सवारी साधनसँग सम्बन्धित विभिन्न शीर्षक अन्तर्गतका राजस्वको विवरण, विद्युतीय भुक्तानी, विद्युतीय सवारी दर्ता प्रणाली, अनलाइन सवारी चालक अनुमतिपत्र प्रणाली, भेटघाट व्यवस्थापन लगायत मन्त्रालयले तयार गरेको एकीकृत प्रणालीलाई समेत जनाउँछ।

## परिच्छेद- २
## सूचना प्रणाली

३. **सूचना प्रणाली तयार गर्ने:** (१) मन्त्रालयले कार्यालयबाट हुने सेवा प्रवाह र राजस्व संकलनलाई व्यवस्थित गर्न सूचना प्रणाली तयार गर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना प्रणालीमा राजस्व सम्बन्धी विवरण प्रदेश आर्थिक ऐन वा प्रदेश सरकारले कुनै समयमा निर्णय गरी परिवर्तन गरेका दरहरूलाई समेत मन्त्रालयले अध्यावधिक गर्नेछ।

(३) मन्त्रालयले विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रणालीलाई समेत सूचना प्रणालीमा आबद्ध गर्न सक्नेछ।

(४) सूचना प्रणालीमा सवारी धनीले सवारी दर्ता नम्बर तथा सवारी चालक अनुमतिपत्र बाहकले चालक अनुमतिपत्र नम्बर वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

आवेदन नम्बर राखी भएको विवरण हेर्न र प्रिन्ट गर्न मिल्ने तथा सोही विवरणका आधारमा सवारी चालक अनुमतिपत्र वाहक वा सवारी धनीले तिर्न बाँकी राजस्व रकम सूचना प्रणालीबाट स्वचालित रूपमा हिसाब गरी विद्युतीय भुक्तानी गर्न मिल्ने व्यवस्था गर्नेछ।

(५) सूचना प्रणालीमा सेवाग्राहीले सवारी साधनको विवरण प्रविष्ट गर्न तथा मन्त्रालय वा कार्यालयले सेवाग्राहीबाट सवारीको विवरण माग गर्न एवं सम्बन्धित कार्यालयले प्रविष्ट गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम सूचना प्रणालीमा प्राप्त विवरणलाई रुजु तथा अद्यावधिक गरी सोको अभिलेख कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(७) सूचना प्रणालीमा सेवाग्राही स्वयम्ले नै आफ्नो सवारी साधन तथा अनुमतिपत्रको दर्ता, नवीकरण, जरिबाना, उल्लङ्घन तथा राजश्व बाँकी वक्यौताको स्थिति आदिको विवरण हेर्न मिल्ने गरी "नागरिक एप्स" तथा सम्बन्धित भुक्तानी सेवा प्रदायकको मोवाइल एप्स तथा वेब पोर्टल मार्फत जानकारी दिन मिल्ने गरी बील प्रिजेन्टेसनको एपलिकेशन प्रोग्रामिङ्ग इन्टरफेस (एपीआई) को व्यवस्था गर्नेछ।

(८) नेपाल प्रहरी तथा सवारी अनुगमन गर्ने अन्य सरकारी निकायलाई सवारी साधन तथा अनुमतिपत्र दर्ता, नवीकरण, जरिबाना, उल्लङ्घन तथा राजस्व बाँकी वक्यौताको स्थिति आदिको विस्तृत विवरण हेर्न मिल्ने गरी प्रणालीको विकास गरिने छ।

(९) सूचना प्रणाली महालेखा नियन्त्रक कार्यालयले सञ्चालन गरेको राजस्व व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध हुनेछ।

(१०) सूचना प्रणालीले स्वचालित रूपमा

आरएमआईएसबाट इबिपी नम्बर सहितको अनुसूची- १ बमोजिमको राजस्व भौचर सिर्जना गर्नेछ।

(११) सेवाग्राहीले महालेखा नियन्त्रक कार्यालयको विद्युतीय पोर्टल (rajaswa.fcgo.gov.np) बाट राजस्व तिर्न चाहेमा आरएमआईएसबाट इबिपी नम्बर सहितको अनुसूची- २ बमोजिमको राजस्व भौचर सिर्जना गर्नेछ।

(१२) उपनियम (१०) र (११) बमोजिम सिर्जना भएको भौचरबाट सेवाग्राहीले विद्युतीय माध्यमबाट भुक्तानी गर्न सक्नेछ।

(१३) उपनियम (१२) बमोजिम भुक्तानी गरे पश्चात सूचना प्रणालीबाट अनुसूची- ३ बमोजिमको ढाँचामा भौचरको निस्सा प्राप्त हुनेछ। यस्तो निस्सा यातायात व्यवस्था कार्यालयबाट जारी भएको बिल सरह मानिनेछ।

(१४) उपनियम (१३) बमोजिमको निस्सा वा निस्सामा उल्लेखित विवरण लिई सेवाग्राही कार्यालयमा सेवा लिन आएमा कार्यालयले राजस्व व्यवस्थापन प्रणालीमा भएको विवरण यकिन गरी सेवा प्रदान गर्नेछ। यसरी सेवा प्रदान भएपछि उक्त भौचरबाट पुनः सेवा लिन नसक्ने व्यवस्था सूचना प्रणालीले गर्नेछ।

(१५) सेवाग्राहीले विद्युतीय माध्यमबाट भुक्तानी गरेको राजस्वको विवरण सूचना प्रणालीमा स्वचालित रूपमा अद्यावधिक हुनेछ।

(१६) मन्त्रालयले तयार गरेको सूचना प्रणाली अनुसूची- ४ बमोजिम हुनेछ।

४. <u>**सूचना प्रणालीमा आबद्ध गर्नु पर्ने:**</u> (१) मन्त्रालयले सम्बन्धित कार्यालयको राजस्व संकलन गर्न अनुमति प्राप्त बैंकलाई सूचना प्रणालीमा आबद्ध गर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्रणालीमा आबद्ध भएका सम्बन्धित कार्यालयको राजस्व संकलन गर्न अनुमति प्राप्त बैङ्कले विद्युतीय र प्रत्यक्ष दुवै माध्यमबाट संकलित राजस्वको शीर्षकगत विवरण दैनिक, साप्ताहिक, मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक विवरण कार्यालयगत रूपमा मन्त्रालय/कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(३) सूचना प्रणालीलाई आवश्यकतानुसार अन्य सरकारी कार्यालयको प्रणालीसँग अन्तर-आबद्धता गर्न सकिनेछ।

(४) सूचना प्रणाली बीमकहरुको प्रणालीसँग समेत अन्तर-आबद्ध हुनेछ।

## परिच्छेद- ३

## विद्युतीय भुक्तानी माध्यम र प्रक्रिया

५. **विद्युतीय भुक्तानीको माध्यमः** राजस्व भुक्तानीको लागि देहाय बमोजिमको विद्युतीय माध्यमको प्रयोग गर्न सकिनेछः-

(क) मोबाइल बैंकिङ्ग,

(ख) ईन्टरनेट बैंकिङ्ग,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भुक्तानी कार्ड (डेविट वा क्रेडिट कार्ड),

(घ) ई-मनी (वालेट्स),

(ङ) अन्तर बैंक भुक्तानी (वास्तविक समय भुक्तानी प्रणाली, राष्ट्रिय भुक्तानीद्वार र अन्तर बैंकिङ्ग भुक्तानी आबद्धता)।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

६. **<u>विद्युतीय भुक्तानीको प्रक्रियाः</u>** (१) राजस्व भुक्तानीका लागि राजस्व व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध भएको सूचना प्रणाली (tmis.bagamati.gov.np) बाट वा सो नभए राजस्व भुक्तानी गर्ने विद्युतीय पोर्टल (rajaswa.fcgo.gov.np) बाट राजस्व जम्मा गर्ने व्यक्ति वा निकाय वा कार्यालयले नियम ३ को उपनियम (११) बमोजिम राजस्व भौचर सिर्जना गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सिर्जना भएको राजस्व भौचरको जानकारी सूचना प्रणाली मार्फत राजस्व व्यवस्थापन सूचना प्रणालीबाट छनौट गरेको विद्युतीय भुक्तानी सेवा सञ्चालकलाई उपलब्ध गराउनु पर्नेछ।

(३) विद्युतीय भुक्तानी सेवा सञ्चालकलाई राजस्व भौचरमा राजस्व आर्जन गर्ने कार्यालयको नाम, कार्यालय कोड, ईबीपी नम्बर, राजस्व भुक्तानी गर्ने व्यक्ति वा निकायको नाम, सवारी दर्ता नम्बर/सवारी चालक अनुमतिपत्र नम्बर, राजस्व शीर्षक, शीर्षकगत राजस्व रकम, राजश्व जम्मा हुने बैंक र खाता नम्बर तथा महालेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेका अन्य विवरणहरू प्राप्त हुने गरी व्यवस्था गर्नु पर्नेछ।

(४) राजस्व जम्मा गर्ने व्यक्ति वा निकायले जुन प्रणालीबाट राजस्व भुक्तानी गरेको हो सोही प्रणालीबाट नियम ३ को उपनियम (१३) बमोजिम भौचरको निस्सा प्राप्त गर्नेछ।

(५) राजस्व भुक्तानी गर्ने सूचना प्रणालीबाट राजस्व भुक्तानीको लागि प्राप्त सूचनाको आधारमा भुक्तानी सेवा सञ्चालक संस्थाले भुक्तानीको लागि राजस्व सङ्कलन गर्ने बैंकमा विद्युतीय माध्यमबाट भुक्तानी सम्बन्धी सूचना पठाउनु पर्नेछ।

तर उपनियम (१), (२), (३) र (४) बमोजिमको प्रक्रिया पूरा नगरी सोझै रकम राजस्व खातामा पठाउन पाइने छैन।

(६) विद्युतीय भुक्तानी सेवा सञ्चालकले पठाएको भुक्तानी सम्बन्धी सूचनाको आधारमा सम्बन्धित राजस्व सङ्कलन गर्ने बैंकले राजस्व व्यवस्थापन सूचना प्रणालीमा राजस्व सङ्कलन भएको अभिलेख गर्नु पर्नेछ।

(७) राजस्व आर्जन गर्ने बैंकको सूचनाको आधारमा राजस्व व्यस्थापन सूचना प्रणालीमा आवद्ध भएको सूचना प्रणाली र सो नभए राजस्व व्यवस्थापन सूचना प्रणालीबाट राजस्व प्राप्त भएको सूचना कार्यालयले स्वचालित रूपमा प्रणालीबाट प्राप्त गर्नेछ।

(८) कार्यालयले राजस्व जम्मा भएको सूचना प्राप्त गरेपछि प्रणालीबाटै राजस्वको लेखाङ्कन गर्नु पर्नेछ।

(९) भुक्तानी सेवा सञ्चालक संस्था र राजस्व सङ्कलन गर्ने बैंक बीच हुने कारोबारको समायोजन सम्बन्धित बैंक र त्यस्तो संस्थाबीच भएको सम्झौता बमोजिम हुनेछ।

तर यसरी सम्झौता भएको बैङ्कले अनुमति पाएको कार्यालयको राजस्व बाहेक अन्य कार्यालयको राजस्व विद्युतीय प्रणालीबाट बुझाउन पाउने छैन।

(१०) भुक्तानी सेवा सञ्चालक संस्था र राजस्व सङ्कलन गर्ने बैङ्कबीच भएको सम्झौताको प्रतिलिपि महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैङ्क र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(११) विद्युतीय भुक्तानी सम्बन्धी प्रक्रिया सञ्चालन र सूचना प्रवाह अनुसूची- ५ बमोजिमको ढाँचामा हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## परिच्छेद- ४

## विद्युतीय भुक्तानीमा संलग्न निकायको काम र कर्तव्य

७. **विद्युतीय भुक्तानीमा संलग्न निकायको काम र कर्तव्यः** (१) संघीय निकाय र नेपाल राष्ट्र बैङ्कको काम र कर्तव्यको हकमा नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत राजस्व व्यवस्थापन सूचना प्रणाली (रिभेन्यू म्यानेजमेन्ट ईन्ईरमेसन सिष्टम-आरएमआईएस) मा विद्युतीय भुक्तानी सम्बन्धी सेवा प्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७ मा उल्लेख भए बमोजिम हुनेछ र प्रदेश निकायको हकमा देहाय बमोजिम हुनेछः-

(क) **प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयः**

(१) विद्युतीय भुक्तानी सम्बन्धी विषयमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, महालेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(२) यस नियमावलीको राजस्वसँग सम्बन्धित विषयको नीति तथा कानून तर्जुमा कार्यान्वयन, नियमन एवं सूचना प्रणालीको प्रतिवेदनको ढाँचा लगायतका विषयमा आवश्यक व्यवस्था गर्ने,

(३) सूचना प्रणालीमा सम्बन्धित रहने बीमा तथा बीमा व्यबसायको व्यवस्थापन र नियमन गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**(ख) मन्त्रालय, निर्देशनालय, आयोजना/इकाई, कार्यालयः**

(१) सूचना प्रणाली सञ्चालन, नियमन, नियन्त्रण, सुरक्षण, अध्यावधिक, परिमार्जन तथा अन्तर प्रणाली आबद्धता र सोका लागि आवश्यक पूर्वाधार, संस्थागत एवं संरचनागत व्यवस्था गर्ने,

(२) सेवा प्रवाहलाई सहजीकरण गर्न आवश्यक पर्ने अन्य सहायक प्रणालीहरुको विकास गरी सूचना प्रणालीमा आबद्ध गर्न सक्ने,

(३) मन्त्रालयले सरोकारवाला निकायसँग आवश्यकतानुसार सञ्चार, समन्वय र सहकार्य गर्ने,

(४) सेवा प्रवाह गर्न तथा राजस्व सङ्कलन गर्न मन्त्रालयले तयार गरेको सूचना प्रणालीलाई नेपाल सरकारको राजस्व व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध गर्ने,

(५) राजस्वको लेखाको लागि राजस्व व्यवस्थापन सूचना प्रणालीलाई अनिवार्य प्रयोग गर्ने/गराउने,

(६) राजस्व रकम सम्बन्धित कार्यालयको कार्यालय कोडमा दाखिला भएपछि कार्यालयले सूचना प्रणालीको विवरणको आधारमा सेवाग्राहीलाई सेवा प्रदान गर्ने,

(७) मन्त्रालयले सूचना प्रणालीबाट प्राप्त हुने

आन्तरिक मामिला तथा कानून मन्त्रालय

राजस्व लगायत सबै किसिमका प्रतिवेदनहरुको एकीकृत प्रतिवेदन तयार गर्ने।

**(ग) राजस्व सङ्कलन गर्ने वाणिज्य बैङ्कः**

(१) नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त भुक्तानी सेवा सञ्चालक संस्थासँग बैङ्क सुरक्षणको समेत व्यवस्था गरिएको राजस्व सङ्कलन सम्बन्धी सम्झौता सहित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत महालेखा नियन्त्रक कार्यालयमा अनुरोध गर्ने,

(२) विद्युतीय भुक्तानीमा भएको कारोबारबाट राजस्व व्यवस्थापन सूचना प्रणालीमा रकम जम्मा नभएसम्म राजस्व भुक्तानी भएको नमानिने हुँदा कारोबारमा अवरोध भई रकम जम्मा हुन नसकेमा भुक्तानी सेवा सञ्चालकसँग समन्वय गरी राजस्व खातामा रकम जम्मा गर्ने,

(३) विद्युतीय भुक्तानी सेवा सञ्चालकले पठाएको भुक्तानी सम्बन्धी सूचनाको आधारमा राजस्व व्यवस्थापन सूचना प्रणालीमा प्राप्तिको सूचना पठाउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**(घ) विद्युतीय भुक्तानी सम्बन्धी सेवा सञ्चालक वित्तीय संस्थाः**

(१) राजस्वको कारोबार गर्न स्वीकृत प्राप्त बैङ्कसँग सम्झौता गरी सोको जानकारी महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कलाई गराउने तथा उक्त सम्झौताको छायाँप्रति मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई समेत उपलब्ध गराउने,

(२) राजस्व जम्माकर्ता व्यक्ति तथा निकायले आफ्नो संस्था मार्फत गरेको भुक्तानी समयमा राजस्व व्यवस्थापन सूचना प्रणालीमा जम्मा हुन नसकी राजस्व जम्मा गर्ने व्यक्ति तथा निकायलाई सिर्जना हुने दायित्वको समाधानको बारेमा सम्झौतामा उल्लेख गर्ने,

(३) आफ्नो संस्था मार्फत गरेको भुक्तानीमा अवरोध भई सम्बन्धित बैङ्कको राजस्व खातामा रकम जम्मा हुन नसकेमा बैङ्कसँग समन्वय गरी रकम जम्मा हुने व्यवस्था गर्ने।

**(ङ) राजस्व जम्मा गर्ने व्यक्ति वा निकायः**

(१) सूचना प्रणाली (tmis.bagamati.gov.np) मार्फत वा सो नभए राजस्व भुक्तानी गर्ने विद्युतीय पोर्टल (rajaswa.fcgo.gov.np) बाट विद्युतीय भुक्तानी सेवा सञ्चालक संस्थाबाट राजस्व सङ्कलन गर्ने बैङ्कमा सोझै रकम बुझाउने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) सूचना प्रणाली (tmis.bagamati.gov.np) मा विवरण भरिसकेपछि विद्युतीय कारोबार सङ्केत नम्बर (इबीपि) सहितको नियम ६ को उपनियम (१) बमोजिमको बैङ्क भौचर प्राप्त गर्ने,

(३) विद्युतीय भुक्तानी मार्फत रकम भुक्तानी गर्दा आफ्नो खातामा व्यालेन्स घटे तापनि कार्यालयको कोडमा सरकारी कारोबार गर्ने बैङ्क र राजस्व व्यवस्थापन सूचना प्रणाली (आरएमआईएस) मा रकम दाखिला नभई सेवा प्राप्त गर्न नसकिने हुँदा नियम ६ को उपनियम (४) बमोजिमको भौचर प्राप्त गर्ने,

(४) विद्युतीय भुक्तानीमा रकम ट्रान्सफर हुन नसके वा ट्रान्सफर भएको रकम सरकारी कारोबार गर्ने बैङ्क र राजस्व व्यबस्थापन सूचना प्रणाली (आरएमआईएस) मा जम्मा हुन नसकेमा सम्बन्धित बैंकसँग समन्वय गर्ने।

**(च) प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा एकाई कार्यालयः**

(१) जिल्लास्थित कार्यालयहरूमा जम्मा भएको राजस्वको विवरण बैङ्कबाट प्राप्त गर्दा विद्युतीय भुक्तानी लगायतका सबै विवरण (बैङ्क स्टेटमेन्ट) राजस्व संकलन गर्ने बैङ्कबाट प्राप्त गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) राजस्व संकलन गर्न स्वीकृत प्राप्त बैङ्कलाई कार्यालयको कोड नम्बर, राजस्व शीर्षक नम्बर तथा खाता नम्बर राजस्व व्यबस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्ने भए महालेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा अद्यावधिक गर्ने,

(३) राजस्व संकलन गर्ने बैङ्क तथा भुक्तानी सेवा सञ्चालक संस्थासँग आवश्यक समन्वय एवं सहयोग गर्ने।

## परिच्छेद- ५

## बीमक तथा बीमालेख सम्बन्धी व्यवस्था

८. **बीमक सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम बीमालेख गर्न इच्छुक बीमकलाई सूचीकृत गर्न अनुसूची- ६ बमोजिमको ढाँचामा सात दिने सूचना प्रकाशन गर्नेछ।

(२) इच्छुक बीमकले उपनियम (१) बमोजिमको सूचनाको म्यादभित्र अनुसूची- ७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भए पश्चात् मन्त्रालयले प्राप्त निवेदन र पेश भएका कागजातहरू रुजु गरी उपयुक्त देखिएका बीमकको सूची प्रकाशन गरी सम्झौताका लागि सात दिने सूचना दिनु पर्नेछ।

(४) मन्त्रालयले उपनियम (३) बमोजिमको म्यादभित्र सम्झौता गर्न आएका बीमकसँग सम्झौता गरी सेवा प्रवाह गर्न स्वीकृति दिनेछ।

(५) मन्त्रालयले आवश्यकतानुसार जुनसुकै बखत यस नियम बमोजिमको प्रक्रिया पूरा गरी थप बीमकहरुलाई सूचना प्रणालीमा आबद्ध गर्न सक्नेछ।

(६) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि सेवा प्रवाह सन्तोषजनक नभएमा मन्त्रालयले जुनसुकै बखत सम्झौता रद्द गर्न सक्नेछ।

तर बीमकले सम्झौताबाट अलग हुन चाहेमा तीन महिना अगावै मन्त्रालयलाई लिखित जानकारी दिनु पर्नेछ।

(७) सेवाग्राहीले बीमक कम्पनीको मोबाइल एप्स तथा वेब लिंकबाट भुक्तानी लिएपछि जारी भएका बीमालेखको संकेत नं., सम्बन्धित सवारीको विवरण, सवारी धनीको नाम, बीमा मान्य अवधि र तोकिएका अन्य विवरण बीमालेख जारी भएकै बखतमा (अनलाईन रियल टाईम बेसिस) एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस (ए.पी.आई.) मार्फत नै सूचना प्रणालीमा आबद्ध गरी प्रविष्टि हुने व्यवस्था मिलाउनु पर्नेछ।

(८) यस नियम बमोजिम सेवा प्रदान गर्ने बीमकले सूचना प्रणालीमा जोडिने क्रममा कुनै आर्थिक व्ययभार लाग्ने भएमा सम्बन्धित बीमकले व्यहोर्नु पर्नेछ।

(९) सवारी दर्ता प्रमाणपत्र नवीकरण, सवारी नामसारी, बाटो इजाजतपत्र जारी तथा नवीकरणको लागि बीमालेखको मान्य संकेत नम्बर सूचना प्रणालीमा प्रविष्ट नगरी सेवाग्राहीले उल्लिखित सेवाको दस्तुरको विद्युतीय भुक्तानी र सेवा प्रवाह गर्न सकिने छैन।

## परिच्छेद- ६

## सेवा प्राप्तिको प्रक्रिया

९. **सेवा लिन कार्यालयमा जानुपर्नेः** (१) सेवाग्राहीले सूचना प्रणालीमा

गई सेवा लिने कार्यालय छनौट गरी दायित्व बमोजिमको राजस्व भुक्तानी गरी सम्बन्धित कार्यालयमा सेवा लिन जानु पर्नेछ।

(२) कर गणनाको विवरण मन्त्रालयको सूचना प्रणालीमा नदेखिएमा सम्बन्धित सवारी धनीले सम्बन्धित कार्यालयमा गई आफूले तिर्नु बुझाउनुपर्ने करको विवरण यकिन गरी राजस्व भुक्तानी गर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम सेवाग्राही सेवा लिन जाँदा भेटघाट व्यवस्थापन प्रणाली मार्फत जान सक्नेछ।

(४) सम्बन्धित सेवाग्राहीले कार्यालयमा दाखिला गर्नु पर्ने राजस्व ऐनले तोकेको म्यादभित्र विद्युतीय भुक्तानी गरी सोको प्रमाण लिई एक महिनाभित्र सम्बन्धित कार्यालयमा गई आफ्नो कागजात विवरण प्रमाणित गरी सक्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि सेवाग्राहीले विद्युतीय माध्यमबाट भुक्तानी गरेको राजस्वसँग सम्बन्धित सेवा सोही आर्थिक वर्ष (असार मसान्त) भित्र सम्पन्न गरी सकेको हुनुपर्नेछ।

**१०. <u>राजस्व दाखिला भएको यकिन गरेर मात्र सेवा प्रवाह गर्ने:</u>** (१) सेवाग्राहीले तिरेको राजस्वको विवरण कार्यालयले सूचना प्रणालीबाट यकिन गरी प्रचलित कानून बमोजिम सेवा प्रवाह गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्रणालीले गणना गरे बमोजिम दाखिला गरेको राजस्व सेवाग्राहीले आफ्नो सवारी साधन सम्बन्धी विवरण फरक प्रविष्ट गरेको कारणबाट वा अध्यावधिक विवरण भन्दा कम राजश्व भुक्तानी गरेको कारणबाट हुने जरिबाना प्रचलित कानून बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

११. **<u>सेवा प्रवाहमा बाधा नपर्ने</u>:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सेवाग्राहीले विद्युतीय माध्यमबाट भुक्तानी नगरी मन्त्रालयले सूचीकृत गरेका जुनसुकै बैंक तथा वित्तीय संस्थाहरूमा राजस्व दाखिला गरेको सक्कलै भौचर लिई आएमा कार्यालयलाई सेवा प्रवाह गर्न बाधा पर्ने छैन।

## परिच्छेद- ७

## <u>गुनासो व्यवस्थापन र विवाद समाधान</u>

१२. **<u>गुनासो व्यवस्थापन</u>:** (१) विद्युतीय माध्यमबाट राजस्वको भुक्तानी गर्ने गराउने कार्यका लागि बैङ्क र भुक्तानी  सेवा सञ्चलकबीच भएको सम्झौता अनुसार भुक्तानी सेवा सञ्चालकले आफ्नो काम, कर्तव्य, जिम्मेवारी वा दायित्व निर्वाह नगरेको वा सेवाग्राहीहरुको गुनासो भुक्तानी सेवा सञ्चालकबाट सम्बोधन हुन नसकेमा सम्बन्धित कार्यालय, बैङ्क तथा सञ्चालक र सेवाग्राही बीच छलफल गरी कार्यालयले समस्या समाधान गर्नेछ।

(२) उपनियम (१) बमोजिम गुनासो समाधान हुन नसकेमा सम्बन्धित कार्यालयले समस्याको व्यहोरा, उपलब्ध प्रमाण र राय सहित मन्त्रालयमा गुनासो व्यवस्थापनका लागि लेखी पठाउनेछ।

(३) उपनियम (२) बमोजिम कार्यालयबाट लेखी आएका गुनासोको सन्दर्भमा सम्बन्धित पक्षहरूसँग छलफल गरी मन्त्रालयले समिति गठन गरी गुनासो व्यवस्थापन गर्नेछ।

१३. **<u>विवाद समाधान</u>:** (१) मन्त्रालय, राजस्व सङ्कलन गर्ने बैङ्क र विद्युतीय भुक्तानी सेवा सञ्चालक वा बीमक वा सफ्टवेयर डेभलपर कम्पनीबीच कुनै विवाद उत्पन्न भएमा प्रचलित मध्यस्थता ऐन, २०५५ बमोजिम प्रत्येक पक्षले एक एक जना मध्यस्त नियुक्त गर्नेछन् र त्यसरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय

नियुक्त भएका मध्यस्थहरूद्वारा नियुक्त तेस्रो मध्यस्थले मुख्य मध्यस्थ भई काम गर्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त मध्यस्थताको विवाद समाधानको प्रक्रिया र निर्णय प्रचलित मध्यस्थता कानून बमोजिम हुनेछ ।

## परिच्छेद- ८

## अतिरिक्त शर्त तथा बन्देज

१४. **अतिरिक्त शर्त तथा बन्देजः** भुक्तानी सेवा सञ्चालकले यस नियमावली अनुसार सेवाग्राहीलाई विद्युतीय माध्यमबाट राजस्वको भुक्तानी गर्न गराउनका लागि देहायका अतिरिक्त शर्त तथा बन्देजहरु लागू हुनेछन्ः-

(क) भुक्तानी सेवा सञ्चालकले राजस्वको भुक्तानी गराउँदा सूचना प्रणालीमा रहेका तथ्याङ्क र विवरणको सुरक्षालाई उच्च प्राथमिकतामा राखी पर्याप्त सुरक्षा व्यवस्था मिलाई कार्य सम्पादन गर्नु पर्नेछ,

(ख) सेवाग्राहीले राजस्व भुक्तानी गरिसकेपछि सोको प्रमाण स्वरूप भुक्तानी सेवा सञ्चालकले राजस्व भुक्तानी गरेको कारोबार संकेत नम्बर सहितको भौचर डाउनलोड हुने प्रबन्ध मिलाउनु पर्नेछ,

(ग) विद्युतीय राजस्व सङ्कलन गर्दा भुक्तानी सेवा सञ्चालकले लिने शुल्क सम्बन्धमा मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, बैङ्क

आन्तरिक मामिला तथा कानून मन्त्रालय

तथा भुक्तानी सेवा सञ्चालक बीच आपसी समझदारीमा तय गरिनेछ,

(घ) भुक्तानी सेवा सञ्चालकले सेवाग्राहीको हितलाई ध्यानमा राखी सेवाग्राहीका गुनासो सुन्न र सोको तत्काल सम्बोधन गर्न आवश्यक व्यवस्था गर्नु पर्नेछ,

(ङ) भुक्तानी सेवा सञ्चालकबाट आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई कार्य गरेको, ठगी गरेको वा हेलचेक्र्याई, लापरबाही वा असावधानी जस्ता कुनै कारणले सूचना प्रणालीमा कुनै हानि वा नोक्सानी भएमा वा भुक्तानी सेवा सञ्चालकबाट उपरोक्त अनुसार राजस्वको मस्यौट भएमा त्यस्तो क्षति, हानि वा नोक्सानी बापतको क्षतिपूर्ति प्रचलित कानून बमोजिम भुक्तानी सेवा सञ्चालकले व्यहोर्नु पर्नेछ।

## परिच्छेद- ९
## <u>विविध</u>

१५. **<u>यातायात व्यवस्थापन सुधार तथा सूचना प्रणाली सवलीकरण सम्बन्धमाः</u>** (१) मन्त्रालयले यातायात व्यवस्था तथा सूचना प्रणालीलाई व्यवस्थित रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न मन्त्रालय अन्तरगत यातायात व्यवस्थापन सुधार तथा सूचना प्रणाली सवलीकरण आयोजना/इकाई स्थापना गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपनियम (१) बमोजिम स्थापना भएको आयोजना/इकाई सञ्चालन गर्न आवश्यक जनशक्ति तथा स्रोत साधनको प्रबन्ध मन्त्रालयले गर्नेछ।

(३) यस नियम बमोजिम स्थापना भएको आयोजना/इकाईले यस सम्बन्धमा विभिन्न अध्ययन, अनुसन्धान, सूचना प्रणालीको सञ्चालन तथा व्यवस्थापन, प्रणाली स्तरउन्नति, तथ्याङ्क व्यवस्थापन, अन्य उपप्रणालीको विकास तथा यस सम्बन्धमा तालिम, क्षमता अभिवृद्धि, अभिमुखीकरण जस्ता कार्यक्रम सञ्चालन गर्नेछ।

(४) सूचना प्रणालीमा डाटा डिजिटाइजेसन, तथ्याङ्क एवं अभिलेख प्रविष्टि, अध्यावधिक गर्ने कार्य परामर्श सेवाबाट गर्न सक्नेछ।

(५) यस नियम बमोजिम स्थापना भएको आयोजना/इकाईले मन्त्रालयबाट तोकिएका अन्य कार्य गर्नेछ।

१६. **प्रयोगकर्ता पुस्तिका सम्बन्धमा:** सेवाग्राहीको सहजताको लागि मन्त्रालयले सूचना प्रणाली प्रयोग सम्बन्धी प्रयोगकर्ता पुस्तिका (युजर म्यानुअल) तथा आवश्यकता अनुसार बारम्बार सोधिने प्रश्नहरू (एफ.ए.क्यू.), श्रव्यदृश्य सामग्री समेत प्रकाशन र प्रसारण गर्न सक्नेछ।

१७. **निर्देशिका अनुसार हुने:** राजस्वको विद्युतीय भुक्तानीको अन्य प्रक्रिया र व्यवस्था "राजस्व व्यवस्थापन सूचना प्रणालीमा विद्युतीय भुक्तानी सम्बन्धी सेवा प्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७" अनुसार हुनेछ।

१८. **बाधा अड्काउ फुकाउने:** यस नियमावलीको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा नियमावलीको व्यवस्था प्रतिकूल नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

# अनुसूची- १

(नियम ३ को उपनियम (१०) सँग सम्बन्धित)

## सूचना प्रणालीबाट सिर्जित रकम भुक्तानी गर्न बाँकी बिल (भौचर) को ढाँचा

बागमती प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

..........

ग्राहक प्रति

### राजस्व बुझाउने भौचर

**भौचर विवरण**

**आर्थिक वर्ष: २०../..**

**कारोवार संकेत नम्बर: २०..-......**

**कार्यालय: कार्यालयको नाम (कोड नं.)**

**राजस्व बुझाउनेको विवरण**

**युनिक आइ. डि.**

**नाम:**

**फोन:**

**चालक अनुमतिपत्र नं.**

**वर्गः**

**सवारी दर्ता नं.:**

**सि.सि./हर्ष पावर/किलोवाट:**

**सवारीको प्रकारः**

| राजश्व शीर्षक | वापत | शुल्क |
|---|---|---|
| | | |
| जम्मा | | |

| नोटको विवरण | गणना | रकम |
|---|---|---|
| १००० | | = |
| ५०० | | = |
| १०० | | = |
| ५० | | = |
| २० | | = |
| १० | | = |
| ५ | | = |
| २ | | = |
| सिक्का | | = |
| जम्मा | | = |

☑ तपाईंले यो भौचर ......... बैंक को कुनै पनि शाखामा गई नगद भुक्तानी गर्नु पर्नेछ वा कारोबार संकेत नम्बरको आधारमा अनलाइन मार्फत् भुक्तानी गर्न सक्नुहुनेछ |रकम भुक्तानी गरे पश्चात् भुक्तानीको निस्सा वा कारोबार संकेत नं. लिई जुन कार्यालय र सेवा छनौट गरी रकम भुक्तानी गरेको हो सोही कार्यालयमा गई एक महिनाभित्र वा एक महिनाभित्र आर्थिक वर्ष समाप्त हुने भएमा सोही आर्थिक वर्षभित्र सम्बन्धित सेवा लिइ सक्नुपर्नेछ । तर उक्त मिति भन्दा पछाडि भुक्तानी गरेमा वा सेवा लिन गएमा कार्यालयले सेवा दिन बाध्य हुने छैन र सो को जिम्मेवार स्वयं सेवाग्राही हुनेछ । राजस्व दाखिला भएको रकम पनि फिर्ता हुने छैन । यस बिषयमा कुनै उजुरबाजुर लाग्ने छैन |

**(नोटः प्रमाणित/भुक्तानी भएको भौँचर साविकमा यातायात व्यवस्था कार्यालयबाट जारी हुने ईबील सरह मान्य हुनेछ । )**

बागमती प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

.......

बैङ्क प्रति

# राजस्व बुझाउने भौचर

**भौचर विवरण**

**आर्थिक वर्ष: २०../..**

**कारोवार संकेत नम्बर: २०..-......**

**कार्यालय: कार्यालयको नाम (कोड नं.)**

**राजस्व बुझाउनेको विवरण**

**युनिक आइ. डि.**

**नाम:**

**फोन:**

| नोटको विवरण | गणना | रकम |
|---|---|---|
| १००० | | = |
| ५०० | | = |
| १०० | | = |
| ५० | | = |
| २० | | = |
| १० | | = |
| ५ | | = |
| २ | | = |
| सिक्का | | = |
| जम्मा | | = |

**चालक अनुमतिपत्र नं.** **वर्ग:**

**सवारी दर्ता नं.:** **सि.सि./हर्ष पावर/किलोवाट:** **सवारीको प्रकार:**

| राजश्व शीर्षक | वापत | शुल्क |
|---|---|---|
| | | |
| जम्मा | | |

☑ तपाईंले यो भौचर ........ बैंक को कुनै पनि शाखामा गई नगद भुक्तानी गर्नु पर्नेछ वा कारोबार संकेत नम्बरको आधारमा अनलाइन मार्फत् भुक्तानी गर्न सक्नुहुनेछ | रकम भुक्तानी गरे पश्चात् भुक्तानीको निस्सा वा कारोबार संकेत नं. लिई जुन कार्यालय र सेवा छनौट गरी रकम भुक्तानी गरेको हो सोही कार्यालयमा गई एक महिनाभित्र वा एक महिनाभित्र आर्थिक वर्ष समाप्त हुने भएमा सोही आर्थिक वर्षभित्र सम्बन्धित सेवा लिइ सक्नुपर्नेछ । तर उक्त मिति भन्दा पछाडि भुक्तानी गरेमा वा सेवा लिन गएमा कार्यालयले सेवा दिन बाध्य हुने छैन र सो को जिम्मेवार स्वयं सेवाग्राही हुनेछ । राजस्व दाखिला भएको रकम पनि फिर्ता हुने छैन । यस बिषयमा कुनै उजुरबाजुर लाग्ने छैन ।

**(नोटः प्रमाणित/भुक्तानी भएको भौंचर साविकमा यातायात व्यवस्था कार्यालयबाट जारी हुने ईबील सरह मान्य हुनेछ । )**

आन्तरिक मामिला

# अनुसूची- २

(नियम ३ को उपनियम (११) सँग सम्बन्धित)

## राजस्व व्यवस्थापन सूचना प्रणालीबाट सिर्जित रकम भुक्तानी गर्न बाँकी बिल (भौचर) को ढाँचा

**राजस्व व्यवस्थापन सुचना प्रणाली बाट सिर्जित भौचर**

रकम भुक्तानी गर्न वाँकी भौचर

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

**भौचर विवरण**

आर्थिक वर्ष: मिति:
कारोबार सङ्केत:
कार्यालय:
भुक्तानी कर्ता संकेत:
पान नं:
नाम:
ठेगाना/ फोन :

| नोटको विवरण | गणना | रकम |
|---|---|---|
| १००० | | = |
| ५०० | | = |
| १०० | | = |
| ५० | | = |
| २० | | = |
| १० | | = |
| ५ | | = |
| २ | | = |
| सिक्का | | = |
| जम्मा | | = |

| सि.नं. | भौचर नं | शिर्षक विवरण | वापत | रकम | आय वर्ष | श्रोतमा करकट्टी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

राजस्व बुझाउने बैंक :
भुक्तानी प्रकार:
चेक बैंक: ......................
चेक नं: ......................
चेक प्रकार:

---

**राजस्व व्यवस्थापन सुचना प्रणाली बाट सिर्जित भौचर**

रकम भुक्तानी गर्न वाँकी भौचर

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

**भौचर विवरण**

आर्थिक वर्ष: मिति:
कारोबार सङ्केत:
कार्यालय:

**राजस्व जम्मा गर्नेको विवरण**

भुक्तानी कर्ता संकेत:
पान नं:
नाम:
ठेगाना:
फोन :

| सि.नं. | भौचर नं | शिर्षक विवरण | वापत | रकम | आय वर्ष | श्रोतमा करकट्टी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | जम्मा | | | |

राजस्व बुझाउने बैंक :
भुक्तानी प्रकार:
चेक बैंक: ......................
चेक नं: ......................
चेक प्रकार:

1/1

# अनुसूची- ३

(नियम ३ को उपनियम (१३) सँग सम्बन्धित)

## रकम भुक्तानी भइसकेको बिल (भौचर) को ढाँचा

### राजस्व व्यवस्थापन सुचना प्रणाली बाट सिर्जित भौचर

**भौचर विवरण**

आर्थिक वर्ष:

कारोबार सङ्केत:

भौचर मिति:

कार्यालय:

**राजस्व जम्मा गर्नेको विवरण**

भुक्तानी कर्ता संकेत:

पान नं:

नाम:

ठेगाना:

फोन :

| सि.नं. | भौचर नं | शिर्षक विवरण | वापत | रकम | आय वर्ष | श्रोतमा करकट्टी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | जम्मा | | | |


रकम भुक्तानी भएको
मिति:
बैंक:
रकम:

1/1

**अनुसूची- ४**

(नियम ३ को उपनियम (१६) सँग सम्बन्धित)


**<u>यातायात व्यवस्थापन सूचना प्रणालीको ढाँचा</u>**



## अनुसूची- ५

(नियम ६ को उपनियम (११) सँग सम्बन्धित)

## विद्युतीय भुक्तानी सम्बन्धी प्रक्रिया र सूचना प्रवाहको ढाँचा




RMIS सूचना प्रवाह चित्र

## अनुसूची- ६

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

## **बीमकलाई सूचीकृत हुन आव्हान गर्ने सम्बन्धी सूचनाको ढाँचा**

बागमती प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

.......

बीमकलाई सूचीकृत हुन आव्हान गर्ने सम्बन्धी सूचना

यातायात व्यवस्था कार्यालय/यातायात व्यवस्था सेवा कार्यालयबाट प्रवाह हुने सेवाहरु यस मन्त्रालयले तयार गरेको सूचना प्रणाली मार्फत सञ्चालन गर्न लागिएकोले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को परिच्छेद- ८ बमोजिम बीमा गराएर मात्र प्रदान गर्नुपर्ने सेवाहरुको लागि उक्त प्रणालीमा आबद्ध भई सेवा दिन इच्छुक बीमा कम्पनीहरुलाई यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र विद्युतीय माध्यमबाट यातायात क्षेत्रको राजस्व भुक्तानी नियमावली, २०७८ को अनुसूची-७ बमोजिमको ढाँचामा आवश्यक कागजात सहित सूचीकृत हुन निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**नोटः** उल्लिखित सूचनाको व्यहोरा मन्त्रालयले यस नियमावलीको अधिनमा रही आवश्यक हेरफेर गरी प्रकाशन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची- ७

(नियम ८ को उपनियम (२) सँग सम्बन्धित

## बीमकले सूचीकृत हुन पेश गर्ने निवेदनको ढाँचा

मितिः .......................

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

**विषयः सूचीकृत हुन पाऊँ भन्ने बारे।**

यातायात व्यवस्था कार्यालय/यातायात व्यवस्था सेवा कार्यालयबाट प्रवाह हुने सेवाहरु मध्ये प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को परिच्छेद- ८ बमोजिम बीमा गराएर मात्र प्रदान गर्नुपर्ने सेवाहरुको लागि तहाँ मन्त्रालयबाट तयार गरिएको यातायात व्यवस्था सूचना प्रणालीमा आबद्ध भई बीमा सम्बन्धी कार्य गर्न इच्छुक भएकोले मिति ..................... को ..................... राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार सूचीकृत हुन आवश्यक सम्पूर्ण कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको/गरेका छु/छौं। साथै सो सूचना प्रणालीमा आबद्ध भई कार्य गर्नको लागि लाग्ने सम्पूर्ण खर्च यस फर्म/कम्पनी/संस्थाले व्यहोर्न मञ्जुर छ।

**संलग्न कागजातहरुः**

१. बीमा समितिबाट बीमा व्यवसाय गर्न जारी भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
२. फर्म/कम्पनी/संस्थाको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
३. कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
५. सूचना प्रणालीमा आबद्ध हुने सम्बन्धी सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि।

**निवेदक**
आधिकारिक व्यक्तिको
दस्तखतः
फर्म/कम्पनी/संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.:
ईमेलः

दृष्टव्यः मिति २०७८।१०।१७ मा प्रकशित प्रदेश राजपत्र सूचना अनुसार अनुसूचीहरुमा भएको "प्रदेश सरकार/बागमती प्रदेश" भन्ने शब्दहरुलाई "बागमती प्रदेश सरकार" भन्ने शब्दहरुमा रुपान्तरण गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय